# छाउपडी प्रथाको अन्त्यका लागि महिला स्वास्थ्यकर्मीलाई तालिम

१८ मंसिर २०७९, आईतवार १८:१६

प्रदिप मलासी, मंसिर १८ बझाङ । छाउपडी प्रथा अन्त्यका लागि महिला स्वास्थ्यकर्मीलाई तालिम दिईएको छ । ग्रिनतारा नेपाल र रिड नेपालको संयुक्त साझेदारीमा संचालित गरिमा परियोजनाले बझाङको खप्तडछान्ना गाउपालिका र बाजुरा जिल्लाको खप्तड छेडदेह गाउपालिकाका विभिन्न स्वास्थ्य संस्थामा कार्यरत १५ जना महिला स्वास्थ्यकर्मीलाई मर्यादित महिनावारी स्वच्छता सम्बन्धित सम्मानजनक मातृ सेवा र मानसिक स्वास्थ्य सेवा बिषयमा तालिम दिएको हो ।



करुणा ट्रष्ट,जर्मन संघिय सरकार र करुणाको आर्थिक तथा प्राबपधिक सहयोग र रिड नेपाल र ग्रिनतारा नेपालको संयुक्त साझेदारी संचालित गरिमा परियोजनाले बिगत लामो समय देखि मर्यादित महिनावारि ,सुरक्षित मातृत्व सेवा छाउपडी न्युनिकरणका सवालमा समुदाय र बिध्यालय क्षेत्रमा विभिन्न चेतनामुलक कार्य गर्दै आएको छ । समाजमा बिध्यमान कुप्रथाको रुपमा रहेको छाउपडी प्रथाको अन्त्य गर्ने लक्षय लिएको गरिमा परियोजनाले समुदायस्तरमा आमा समुहलाई सरसफाई सामाग्री अन्तरगत साबुन, कोलगेट ब्रस,प्याड र बिध्यालय क्षेत्रमा महिनावारी स्वच्छता व्यवस्थापन सम्बन्धि शिक्षकलाई तालिम, प्रत्येक बिध्यालयमा किशोरी क्लव गठन, महिनावारी स्वच्छता सम्बन्धि नियमित बैठक शौचालय खानेपानी निर्माण, फोहर व्यवस्थापन ईन्सुलेटर लगाएका कार्यमा सक्रिय भुमिका खेल्दै आएको छ ।

त्ससैगरी बझाङका २ माध्यामिक बिध्यालय खप्तड मा बि कालुखेती र महेश्वरी मा बि गडरायलाई महिनावारी स्वच्छता व्यवस्थापन कर्नन, कुना , हाटव्याग,तातोपानी थर्मस लगाएतका सामाग्री उपल्बध गराएको छ । लैङ्गिक हिंसा बिरुद्वको अभियानकै समयमा दुई वटा जिल्लाका १५ जना महिला स्वास्थ्य कर्मी अनमी, स्टापनर्स, सिएमहरुलाई सम्मानजनक मातृ स्वास्थ्य सेवा तथा मानसिक स्वास्थ्यको हेरचाह सम्बन्धि केन्द्रित बिषय बस्तुमा परियोजनाले तालिमको आयोजना गरेको हो ।

त्यसैगरि गरिमा परियोजनाले मर्यादित महिनावारी स्वच्छता र बिपद जोखिम न्युनिकरण सम्बन्धि खप्तडछान्ना गाउपालिकाका ८ वटा बिध्यालयका १६ जना र खप्तडछेडदेह गाउपालिका ९ वटा बिध्यालयका १८ शिक्षकहरुलाई पनि तालिम दिएको छ । छाउपडी प्रथा महिला माथीको ठूलो हिंसा भएकाले यसलाई समाजवाट हटाउन सबैले मानसिक सुधार गर्नु पर्ने र यसलाई व्यवस्थापन नगर्दा समाजमा ठूलो घटना गर्दै जाने रिड नेपाल गरिमा परियोजनाका फिल्ड मेनेजर बिक्रमराज जोशीले बताए ।

कार्यक्रम कार्यक्रमका लागि मात्र नभएर जीवन सहज पार्न भएकाले मर्यादित महिना वारि स्वच्छतालाई पूर्ण कार्यन्वयनमा ल्याउन तालिमका सहभागीहरुलाई ग्रिनतारा नेपाल गरिमा परियोजना सिनियर मेनेजर सलिता गुरुङले आग्रह गरि।न । मानब समाजमा रहेको सामाजिक कुरितिको अन्त्य गर्न सोचको सहि सदुपयोग गरे समाज र आगामी पुस्ताको दिगो बिकास हुने भएकाले सबैले सकारात्मक सोचको बिकास गर्न जरुरी रहेको देखिन्छ ।